नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था विभाग
(मीनभवन, काठमाडौं)
(सवारी परीक्षण, अन्तर्देशीय यातायात व्यवस्थापन,जलमार्ग यातायात र सवारी मापदण्ड निर्धारण शाखा)

फोन: ४४७४९२१
फ्याक्स: ४४७४९२२
इ-मेल: trans@dotm.gov.np
वेभ साइट: www.dotm.gov.np

द.सं.: २०७८।७९

## सवारी परीक्षण कार्यालयहरुका कार्य तथा अधिकार:

१. दुई वा सो भन्दा बढी प्रदेश भई संचालन हुने वा नेपाल भरि संचालन हुने सार्वजनिक सवारी साधनहरु (यात्रुवाहक/मालवाहक)को बाटो इजाजत पत्र, स्तर कायम, जाँचपास र प्रदूषण परीक्षण गर्ने कार्य देहाय बमोजिम गर्ने ।
   १. प्रस्थान वा गन्तव्यमा सवारी परीक्षण कार्यालय स्थापना भएको भए सोही सवारी परीक्षण कार्यालयले गर्ने ।
   २. प्रस्थान र गन्तव्य दुवै विन्दूमा सवारी परीक्षण कार्यालय स्थापना नभएको भए बाटोमा पर्ने सवारी परीक्षण कार्यालयले गर्ने ।
   ३. प्रस्थान, गन्तव्य र बाटोमा समेत सवारी परीक्षण कार्यालय नभएको भए प्रस्थान बिन्दूको नजिकको यातायात व्यवस्था कार्यालयले गर्ने ।

२. विदेशबाट पार्टपूर्जा तथा सामाग्री झिकाई नेपालमा जडान (एसेम्बल) हुने सवारी साधनको Roadworthiness Test गरी सोको प्रतिवेदन विभागमा पठाउने ।

३. रात्री सेवा, स्तरीय सेवा, डिलक्स तथा सुपर डिलक्स सेवामा संचालन हुने सार्वजनिक सवारी साधनको मापदण्ड अनुसार सवारी निरीक्षण गरी तोकिएको अवधि सम्म संचालनको स्वीकृति दिने ।

४. कुनै पनि सवारीको बडी बिल्डिङ तथा मर्मत कार्य गर्ने वर्कशप र च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पाटपूर्जा, बडी समेत एसेम्बल गरी सवारी साधन तयार गर्ने कारखानाहरुको विभागको निर्देशनानुसार अध्ययन गरी दर्ताका लागि सिफारिश गर्ने र समय समयमा त्यस्ता कारखानाहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन विभागमा पठाउने ।

५. राष्ट्रिय लोकमार्ग वा अन्तरप्रदेश लोक मार्गमा हुने सडक दुर्घटना सम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।

६. राष्ट्रिय मापदण्ड अनुसार सवारी चालक प्रशिक्षण केन्द्र, वर्कशप, कलकारखानाहरुको अनुगमन गर्ने र नियमित प्रतिवेदन विभागमा पठाउने ।

७. राष्ट्रिय लोकमार्गमा चल्ने सार्वजनिक सवारी साधनको अधिकतम गति निर्धारणको अध्ययन गरी सिफारिश गर्ने ।

८. अन्तरप्रदेश तथा राष्ट्रिय लोकमार्गमा चल्ने सवारी साधनहरुको नियमित स्थलगत अनुगमन (भाडादर, सिट क्षमता, बाटो इजाजत, जाँचपास आदि) गर्ने ।

९. प्रदेश अन्तर्गत रहेका यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरुसंग संघले निर्माण गरेका मापदण्डहरुको कार्यान्वयनमा समन्वय गर्ने र ती कार्यालयका कर्मचारीलाई आवश्यक तालीम तथा राय सुझावहरु प्रदान गर्ने ।

१०. Vehicle Fitness Test Center (VFTC) को निर्माण गरी नियमित संचालन तथा मर्मत संभार गर्ने व्यवस्था मिलाउने ।

११. यातायात व्यवस्थापन क्षेत्रमा गर्नु पर्ने अध्ययन अनुसन्धानका विषयमा विभागको निर्देशन तथा सहमतीको आधारमा आवश्यक अध्ययन अनुसन्धान गरी राय सुझाव सहित प्रतिवेदन पठाउने ।

१२. सवारी साधनहरुको प्रदूषण अनुगमन गर्ने तथा प्राविधिक अनुगमनमा आवश्यक सहयोग गर्ने ।

१३. विभागले समय समयमा तोकेका अनुसन्धानात्मक र अध्ययन सम्बन्धी कार्यहरु गर्ने ।

१४. सरकारी तथा सार्वजनिक निकायहरुलाई आवश्यक सवारी साधन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाडौं

२०७८।११।१३